मिति २०८२ साल पौष २९ गते मंगलबारका दिन यस डुङ्गेश्वर गाउँपालिका गाउँसभाका अध्यक्ष श्री सुन्दर कुमार के.सी.ज्यूको अध्यक्षतामा बसेको डुङ्गेश्वर गाउँपालिका गाउँसभाको १८ औं अधिवेशनको पहिलो बैठक तपसिलका गाउँसभा सदस्यहरुको उपस्थितिमा संचालन भई निम्नानुसारका निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र. स. | नाम थर | पद | वडा नं. | हस्ताक्षर | कै. |
|---|---|---|---|---|---|
| १ | सुन्दर कुमार के.सी. | गाउँसभा अध्यक्ष | ४ | | |
| २ | कलावती न्यौपाने | गाउँसभा उपाध्यक्ष | ५ | | |
| ३ | श्रीसम्सेर रानामगर | प्र.प्र.अ. (सचिव) | ५ | | |
| ४ | श्याम बहादुर राना | गाउँसभा सदस्य | १ | | |
| ५ | यम बहादुर बिष्ट | गाउँसभा सदस्य | २ | | |
| ६ | कृष्ण बहादुर खत्री | गाउँसभा सदस्य | ३ | | |
| ७ | नगेन्द्र बहादुर बुढा | गाउँसभा सदस्य | ४ | | |
| ८ | पर्वलाल शर्मा जैसी | गाउँसभा सदस्य | ५ | | |
| ९ | मान बहादुर थापा मगर | गाउँसभा सदस्य | ६ | | |
| १० | प्रमिला सुनार | गाउँसभा सदस्य | १ | | |
| ११ | सुन्तली कुमारी बि.क. | गाउँसभा सदस्य | २ | | |
| १२ | कमला बि.क. | गाउँसभा सदस्य | ३ | | |
| १३ | शान्ती कुमारी बुढा | गाउँसभा सदस्य | ४ | | |
| १४ | चन्द्रा बि.क. | गाउँसभा सदस्य | ५ | | |
| १५ | खिमा कुमारी उपाध्याय | गाउँसभा सदस्य | ६ | | |
| १६ | संचिता बि.क. | गाउँसभा सदस्य | १ | | |
| १७ | रुपा बि.क. | गाउँसभा सदस्य | १ | | |
| १८ | राजेश कुमार राना | गाउँसभा सदस्य | १ | | |
| १९ | पार्वती खत्री | गाउँसभा सदस्य | २ | | अनु० |



CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| २० | बिष्णु कुमारी बि.क. | गाउँसभा सदस्य | २ | | |
| २१ | रमेश बहादुर हिरोजक | गाउँसभा सदस्य | २ | | |
| २२ | कर्ण बहादुर गुरुङ्ग | गाउँसभा सदस्य | २ | | |
| २३ | सपना के.सी. | गाउँसभा सदस्य | ३ | | |
| २४ | नारायण बुढा मगर | गाउँसभा सदस्य | ३ | | |
| २५ | कर्ण बहादुर रावल | गाउँसभा सदस्य | ३ | | |
| २६ | टिका दमाई | गाउँसभा सदस्य | ४ | | |
| २७ | धनसिंह विश्वकर्मा | गाउँसभा सदस्य | ४ | | |
| २८ | पुर्ण बहादुर बुढा | गाउँसभा सदस्य | ४ | | |
| २९ | विमला रोकाय | गाउँसभा सदस्य | ५ | | |
| ३० | हिमाल बि.क. | गाउँसभा सदस्य | ५ | | |
| ३१ | पदमलाल जैसी ~~रिजाल~~ | गाउँसभा सदस्य | ५ | | |
| ३२ | सुमित्रा कामी | गाउँसभा सदस्य | ६ | | |
| ३३ | भक्त बहादुर थापा | गाउँसभा सदस्य | ६ | | |
| ३४ | नर बहादुर खत्री | गाउँसभा सदस्य | ६ | | |
| सचिवालय कर्मचारीहरु: | | | | | |
| १. | देबेन्द्र खड्का | अधिकृतस्तर सातौं | डु.गा.पा.दैलेख | | |
| २. | नन्दराज रेग्मी | सूचना प्रविधि अधिकृत | डु.गा.पा.दैलेख | | |
| ३. | बिष्णु प्रसाद शर्मा | लेखा अधिकृत | डु.गा.पा.दैलेख | | |
| ४. | दिप प्रसाद ज्ञवाली | नायय सुब्बा | डु.गा.पा.दैलेख | | |
| ५. | तिल बहादुर कार्की | जिन्सी शाखा | डु.गा.पा.दैलेख | | |
| ६. | महेन्द्र प्रसाद दाहाल | कार्यालय सहयोगी | डु.गा.पा.दैलेख | | |
| ७. | तुल्सा न्यौपाने | कार्यालय सहयोगी | डु.गा.पा.दैलेख | | |



CamScanner

**प्रस्तावहरु:**

१. डुङ्गेश्वर गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्वन्धमा व्यवस्थापन गर्न बनेको विधेयक, २०८२ प्रस्तुत, छलफल तथा पारित सम्बन्धमा ।

२. आर्थिक वर्ष २०८२/०८३ को बजेट संशोधन तथा रकमान्तर प्रस्तुत, छलफल तथा पारीत सम्बन्धमा ।

३. १७ औं अधिवेशन पछिका कार्यपालिकाका निर्णयहरु अनुमोदन गरी पारीत गर्ने सम्बन्धमा ।

**निर्णय नं. १**

**प्रस्ताव नं. १ माथि छलफल गर्दा** डुङ्गेश्वर गाउँपालिका गाउँसभाको १८ औं अधिवेशनमा विधायन समितिका संयोजक श्री हिमाल बि.क.ज्यूले पेश गर्नु भएको डुङ्गेश्वर गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक, २०८२ डुङ्गेश्वर गाउँपालिका गाउँसभाको १८ औं अधिवेसनको पहिलो वैठकबाट सर्वसम्मत पारीत गर्ने निर्णय गरियो ।

**तपसिलः**

**डुङ्गेश्वर गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८२**

**प्रस्तावनाः** स्थानीय सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन,बजेट तर्जुमा, निकासा तथा खर्च,आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन,आन्तरिक नियन्त्रण, लेखापरीक्षण तथा अन्य आर्थिक क्रियाकलापलाई नियमित र व्यवस्थित गरी वित्तीय व्यवस्थापन प्रणालीलाई पारदर्शी,नतिजामूलक तथा उत्तरदायी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,डुङ्गेश्वर पालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "डुङ्गेश्वर गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अर्थ मन्त्रालय"** भन्नाले नेपाल सरकारको अर्थ मन्त्रालय सम्झनुपर्छ।

(ख) **"अध्यक्ष"** भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(ग) **"अन्तिम लेखापरीक्षण"** भन्नाले महालेखा परीक्षकको कार्यालयबाट हुने लेखापरीक्षण सम्झनुपर्छ।

(घ) **"आन्तरिक लेखापरीक्षण"** भन्नाले गाउँपालिकाको आन्तरिक लेखापरीक्षण गर्नको लागि तोकिएको शाखा वा अधिकृतबाट हुने आन्तरिक लेखापरीक्षण सम्झनुपर्छ।

(ङ) **"उपाध्यक्ष"** भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

(च) **"एक तह माथिको अधिकारी"** भन्नाले वडा सचिव र विषयगत शाखा प्रमुखको हकमा प्रमुख प्रशासकीय अधिकृत,प्रमुख प्रशासकीय अधिकृतको हकमा अध्यक्ष र अध्यक्षको हकमा गाउँ कार्यपालिका सम्झनुपर्छ।

(छ) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ सम्झनुपर्छ।

(ज) **"कार्यपालिका"** भन्नाले गाउँ पालिकाको कार्यपालिका सम्झनुपर्छ।



CamScanner

| | | |
|---|---|---|
| पाँचौं चरण | विषयगत समितिमा छलफल तथा एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा | ११. वडा समिति र विषयगत शाखा मार्फत प्राप्त बजेट तथा कार्यक्रमक समितिमा छलफल, प्राथमिकीकरण र साङ्केतीकरण गरी बजेट तथ तर्जुमा समितिमा पेस गर्ने।<br>१२. नीति तथा कार्यक्रम र बजेटका सिद्धान्त तथा प्राथमिकता तयार गरी सभामा पेस गर्ने।<br>१३. बजेट तथा कार्यक्रम तर्जुमा समितिमा सरोकारवालासँग छलफ गैरसरकारी संस्था तथा विकास साझेदारको कार्यक्रम समावेश गर्ने।<br>१४. एकीकृत आयव्ययको अनुमान, वार्षिक विकास कार्यक्रम, आर्थिक विनियोजन विधेयकको मस्यौदा तयार गरी कार्यपालिकामा पेस गर्ने। |
| छैठौं चरण | वार्षिक बजेट तथा कार्यक्रम कार्यपालिकाबाट स्वीकृति तथा सभामा पेस | १५. एकीकृत आय व्ययको विवरण, मध्यमकालीन खर्च संरचना, वार्षि कार्यक्रम, आर्थिक विधेयक र विनियोजन विधेयक कार्यपालिकामा छ स्वीकृति।<br>१६. राजस्व र व्ययको विवरण उपाध्यक्ष वा कार्यपालिकाले तोकेको कार कुनै सदस्यले सभामा पेस गर्ने। |
| सातौं चरण | सभाबाट बजेट तथा कार्यक्रम स्वीकृति तथा प्रकाशन | १७. बजेट (राजस्व, व्यय तथा वित्तीय व्यवस्थाको अनुमान), वार्षिक विकास आर्थिक विधेयक र विनियोजन विधेयक सभामा पेस गर्ने। मध्यमक संरचना,आर्थिक तथा विनियोजन विधेयक सभाबाट पारित गरी आर्थि विनियोजन ऐन राजपत्रमा प्रकाशन गर्ने।<br>१८. बजेट पुस्तिका र वार्षिक विकास कार्यक्रम प्रकाशन। |

आज्ञाले

श्रीसम्सेर रानामगर

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं.३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस डुङ्गेश्वर गाउँपालिका गाउँसभाको १८ औं अधिवेशनमा आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम डुङ्गेश्वर गाउँपालिका गाउँसभाको १८ औं अधिवेशनबाट वार्षिक योजना कार्यक्रम तथा बजेट पुस्तिकामा विनियोजन भएका तपसिल बमोजिमका योजनाहरु विविध कारणले कार्यान्वयन हुन नसक्ने भएकोले तपसिल बमोजिमका योजनाहरुमा बजेट संशोधन, रकमान्तर शिर्षकान्तर सर्वसम्मत पारीत गर्ने निर्णय गरियो ।

<u>तपसिलः</u>

गाउँसभाका सभाध्यक्षज्यू,



CamScanner

गाउँसभाका सचिव तथा प्रमुख प्रशासकीय अधिकृतज्यू,
गाउँ सभाका सम्पूर्ण सदस्यज्यूहरु,
सबै कर्मचारीज्यूहरु,

आजको यस गरिमामय डुङ्गेश्वर गाउँपालिका गाउँसभाको १८ औं अधिवेशनमा आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम डुङ्गेश्वर गाउँपालिका गाउँसभाको १७ औं अधिवेशनवाट बार्षिक योजना कार्यक्रम तथा बजेट पुस्तिकामा विनियोजन भएका तपसिल बमोजिमका योजनाहरु विविध कारणले कार्यान्वयन हुन नसक्ने भएकोले तपसिल बमोजिमका योजनाहरुमा बजेट संशोधन, रकमान्तर र शिर्षकान्तर प्रस्तुत गर्न चाहन्छु ।

तपसिलः

आर्थिक वर्ष २०८२/०८३ को बजेट संशोधन तथा रकमान्तर

| क्र.स. | बजेट योजनाहरु | | क्र. स. | बजेट संशोधन तथा रकमान्तर योजनाहरु | | वडा नं. | कै. |
|---|---|---|---|---|---|---|---|
| | योजनाको नाम | रकम | | योजनाको नाम | रकम | | |
| १ | बेलपाटा साविक ४ को खानेपानी मर्मत | ३५०००० | १ | आनन्द्र ने.रा. प्रा.वि. भवन मर्मत | ५००००। | वडा नं. १ | |
| | | | २ | त्रिवेणी संगम मा वि विद्यालय कक्षाकोठा मर्मत तथा फर्निचर | २०००००। | वडा नं. १ | |
| | | | ३ | वडा नं. १ को बजारक्षेत्रको सोलार बत्ति मर्मत सुधार | १०००००। | वडा नं. १ | |
| २ | त्रिवेणी संगम मा वि विद्यार्थी पढ्दै कमाउँदै | १०००००। | १ | त्रिवेणी संगम मा वि विद्यार्थीलाई खेलकुद सामाग्री तथा प्रतियोगिता | १०००००। | वडा नं. १ | |
| ३ | क) नसिङ्ग कर्मचारीलाई भिडियो एक्सरे ग्रामिण | १०००००। | १ | युवा खेलकुद तथा कला संस्कृति कार्यक्रम | २०००००। | वडा नं. २ | |

| | | | |
|---|---|---|---|
| | संशोधन) | | |
| ९ | विपद व्यवस्थापन कोष | २००००० | |
| १० | अध्यक्ष कप सञ्चालन | ५००००० | |
| | जम्मा | ४०००००० | |

निर्णय नं.३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा डुङ्गेश्वर गाउँपालिका गाउँसभाको १७ औं अधिवेशन पछिका कार्यपालिकाले गरेका सम्पूर्ण निर्णयहरु अनुमोदन गरी सर्वसम्मतले पारीत गर्ने निर्णय गरियो ।



CamScanner